# शितगंगा नगरपालिका

## स्थानीय राजपत्र

**खण्डः ९,** **संख्याः ३,** **मितिः २०८२/०९/१८**


## भाग - २

# शितगंगा नगरपालिका

शितगंगा नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कानुन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## शितगंगा नगरपालिकाको चिस्यान केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२

**प्रस्तावना :** यस शितगंगा नगरपालिका तथा अर्घाखाँची जिल्लाका अन्य पालिकाहरुमा उत्पादित कृषि उपजहरु कुहिने, बिग्रने तथा भण्डारण गर्न टाढा पुर्याउनुपर्ने बाध्यताका कारण कृषकहरुले निरन्तर रुपमा हानी/क्षति बेहोर्नु परिरहेको समस्यालाई सम्बोधन गर्न, कृषि चिस्यान केन्द्र सञ्चालन तथा व्यवस्थापनलाई दिगो बनाउँदै शितगंगा नगरपालिकाको राजश्व अभिवृद्धिमा समेत टेवा पुर्याउन कार्यविधि तर्जुमा गर्न बाञ्छनीय भएकोले शितगंगा नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐनको दफा ४ ले दिएको अधिकार प्रयोग गरी शितगंगा नगर कार्यपालिकाको मिति २०८२/०९/१८ को बैठकबाट यो कार्यविधि स्वीकृत गरिएको छ।

### परिच्छेद १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

क) यस कार्यविधिको नाम शितगंगा नगरपालिकाको चिस्यान केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ रहेको छ ।

ख) यो कार्यविधी शितगंगा नगरपालिका कार्यपालिकाबाट स्वीकृत भई राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) कृषिजन्य वस्तु भन्नाले कृषकहरुले उत्पादन गरेको पशुपंक्षीजन्य उत्पादन बाहेक लामो समयसम्म भण्डारण गर्न सकिने उत्पादन जस्तैः आलु, प्याज, लसुन, कागति लगायतका कृषि जन्य वस्तु बुझ्नु पर्ने छ ।

ख) चिस्यान केन्द्र भन्नाले कृषि उपजको सुरक्षित भण्डारणको लागि चिस्यान सुविधा भएको एक वा धेरै च्याम्बर भएको एक तले संरचना बुझ्नुपर्दछ ।

ग) प्रस्तावदाता भन्नाले चिस्यान केन्द्र सञ्चलानको लागि शितगंगा नगरपालिकाबाट आव्हान गरिएको सूचना बमोजिम चिस्यान केन्द्र सञ्चालनको आशय जनाई आर्थिक प्रस्ताव पेश गर्ने सहकारी संस्था, कृषक समूह, निजी फर्म वा कम्पनी सम्झनुपर्दछ ।

घ) समिति भन्नाले यस कार्यविधिको दफा ६ बमोजिम चिस्यान केन्द्र संचालनको निम्ति शितगंगा नगरपालिका द्वारा गठित निर्देशक समितिलाई सम्झनुपर्दछ ।

ङ) नगरपालिका भन्नाले शितगंगा नगरपालिका सम्झनुपर्दछ ।

च) कार्यालय भन्नाले शितगंगा नगरकार्यपालिकाको कार्यालय सम्झनुपर्दछ ।

**३. उद्देश्य :** चिस्यान केन्द्र सञ्चालन तथा व्यवस्थापनको लागि जारी भएको यस कार्यविधिको उद्देश्य देहायबमोजिम हुनेछ ।

क) चिस्यान केन्द्र सञ्चालन तथा व्यवस्थापन गर्ने प्रक्रिया निर्धारण गर्नु,

ख) कृषि उपजको उत्पादन उपरान्तको क्षति न्यूनीकरण गर्नु,

ग) कृषि उपजको गुणस्तर प्रबर्द्धन र मूल्य अभिवृद्धि सहित बजारको माग अनुसार आवश्यक परिमाणमा उपलब्ध गराउनु,

घ) कृषि उपजहरुको बजारीकरणलाई सहज बनाउनु,

ङ) यस क्षेत्रका कृषकहरुलाई आफ्नै क्षेत्रमा भण्डारणको सुविधा प्रदान गरि कृषि उत्पादन तर्फ आकर्षित गर्नु ।

## परिच्छेद २

## चिस्यान केन्द्र सञ्चालन तथा व्यवस्थापन

**४. चिस्यान केन्द्र संचालन :** यस चिस्यान केन्द्र संचालनको लागि पारदर्शिता कायम हुने गरी योग्य संस्था छनोट गरिनेछ । सोको लागि नगरपालिकाले सार्वजनिक सूचना आव्हान गर्नुपर्नेछ ।प्रचलित संघीय, प्रादेशिक वा स्थानीय कानून बमोजिम दर्ता भएका कृषि सहकारी, कृषक समूह, निजी फर्म वा कम्पनीले छनौट प्रक्रियामा आवेदन दिन सक्नेछन् ।

**५. चिस्यान केन्द्र सञ्चालकको योग्यता :** चिस्यान केन्द्र सञ्चालनका लागि आवेदन पेश गर्ने प्रस्तावदातामा देहायको योग्यता हुनुपर्नेछ ।

क) सहकारीको हकमा कृषि सहकारी दर्ता तथा नवीकरण, स्थायी लेखा नम्बर प्राप्त गरी नियमित कर चुक्ता गरेको तथा नियमित लेखापरीक्षण हुने गरेको ।

ख) कृषक समूहको हकमा दर्ता तथा नवीकरण, स्थायी लेखा नम्बर प्राप्त गरी नियमित कर चुक्ता गरेको ।

ग) निजी व्यवसायीको हकमा फर्म वा कम्पनी दर्ता तथा नवीकरण, स्थायी लेखा नम्बर प्राप्त गरी नियमित कर चुक्ता गरेको ।

घ) प्रचलित कानून वमोजिम अयोग्य नरहेको ।

**६. निर्देशक समिति :** चिस्यान केन्द्र संचालन तथा व्यवस्थापनका सन्दर्भमा आवश्यक नीतिगत निर्देशन तथा व्यवस्थापन सम्बन्धी विषयहरु सम्बोधन गरी चिस्यान केन्द्रको घोषित उद्देश्य अनुरुप सञ्चालन गर्न देहाय बमोजिमको ९ सदस्यीय निर्देशक समिति गठन गरिने छ।

नगर प्रमुख - संयोजक

नगर उपप्रमुख - सदस्य

प्रमुख प्रशासकीय अधिकृत - सदस्य

सम्बन्धित वडाको वडा अध्यक्ष - सदस्य

आर्थिक विकास समितिको संयोजक - सदस्य

पशु सेवा शाखा प्रमुख/प्रतिनिधि - सदस्य

कृषि विकास शाखा प्रमुख - सदस्य सचिव

समितिमा आवश्यकता अनुसार विज्ञ व्यक्ति वा कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ।

समितले आफ्नो बैठकको कार्यविधि आफै निर्धारण गर्न सक्नेछ।

**७. चिस्यान केन्द्र सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :**

क) चिस्यान केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी नीतिगत तथा व्यवस्थापकीय विषयमा अध्ययन गरी कार्यपालिकालाई सिफारिस गर्ने,

ख) चिस्यान केन्द्रको अनुगमन गरी प्रभावकारी व्यवस्थापनको लागि सञ्चालकलाई आवश्यक निर्देशन दिने,

ग) यस कार्यविधि अनुरुप चिस्यान केन्द्र सञ्चालन भए नभएको अनुगमन गरी सुधारका आवश्यक लागि निर्देशन दिने,

घ) कार्यालयबाट प्रस्ताव मूल्याङ्कन भई सिफारिस भएका योग्य प्रस्तावदाता छनोट गर्ने,

ङ) चिस्यान केन्द्र सञ्चालक छनौट प्रक्रियालाई पारदर्शी र व्यवस्थित बनाउन कार्यालयलाई सल्लाह दिने,

च) चिस्यान केन्द्र सञ्चालनबापत बुझाउनुपर्ने न्यूनतम राजश्व निर्धारण गर्ने र औचित्यका आधारमा प्रत्येक दुई/दुई वर्षमा चिस्यान केन्द्र सञ्चालनको न्यूनतम राजश्व पुनरावलोकन गर्ने,

छ) चिस्यान केन्द्र सञ्चालन सम्बन्धमा कृषकहरुबाट प्राप्त गुनासाहरुको उचित सुनुवाई गरी समयमै निकास दिने,

ज) कृषक/ कृषि फर्म/ कृषि सहकारी र चिस्यान केन्द्र सञ्चालकका बीचमा सिर्जना हुन सक्ने विवाद समाधानका लागि पहल गर्ने,

**८. चिस्यान केन्द्र उपयोगबापत उठाउने शुल्क :** कृषकहरुले कृषिजन्य उत्पादनहरु चिस्यान केन्द्रमा राखे बापत निर्देशक समितिले तोके बमोजिमको दरले सञ्चालकले सेवा शुल्क असुल गर्नसक्नेछ।

**९. जिम्मेवारी तथा क्षतिपूर्तिको व्यवस्था :** चिस्यान केन्द्रमा कृषिजन्य वस्तु भण्डारण गरेपछि कृषकले फिर्ता नलिए सम्म कृषिजन्य वस्तुको जिम्मेवारी चिस्यान केन्द्र संचालकको हुनेछ । कुनै कारणवश माल वस्तु क्षति हुन गएका अवस्थामा संचालकले प्रचलित कानुन बमोजिम क्षतिपूर्ति दिनुर्पर्नेछ । संचालकले चिस्यान केन्द्रमा भण्डारण गरिएका माल वस्तुको विमा गर्ने व्यवस्था मिलाउन सक्नेछ । कृषकले चिस्यान केन्द्रमा राखिएको माल वस्तु बिग्रन गई भएको क्षतिको सम्बन्धमा नगरपालिका वा मातहतका कार्यालयमा क्षतिपूर्ति दाबी गर्न पाउने छैन।

## परिच्छेद ३

## छनौट तथा सम्झौता

**१०. सूचना प्रकाशन :** चिस्यान केन्द्र संचालनको लागी प्रचलित संघीय, प्रादेशिक वा स्थानीय कानुन बमोजिम दर्ता भएका कृषि सहकारी, कृषक समूह, निजी फर्म वा कम्पनीलाई आर्थिक प्रस्ताव पेश गर्न ७ देखि १५ दिनसम्मको सूचना प्रकाशन गरिनेछ । प्रथम पटक सूचना प्रकाशन गर्दा निवेदन पेश हुन नसकेमा वा एउटा मात्र निवेदन परेमा पुनः ३ देखि ७ दिनको लागि दोस्रो पटक सूचना प्रकाशन गरिनेछ । दोस्रो पटक समेत सूचना प्रकाशन गर्दा समेत थप निवेदन प्राप्त हुन नसकेमा पहिले प्राप्त भएका प्रस्ताव मूल्याङ्कन गर्न बाधा पुगेको मानिने छैन ।

**११.छनौट :** योग्य प्रस्तावदाताबाट पेश भएको आर्थिक प्रस्ताव मूल्याङ्कनको आधारमा सबै भन्दा बढी रकम बोलकबोल गर्ने प्रस्तावदाता छनौट गरी चिस्यान केन्द्र संचालनको जिम्मा दिइनेछ।

**१२. सम्झौता :** छनौट भएको कृषि सहकारी, कृषक समूह, निजी फर्म वा कम्पनीलाई सम्झौताका लागि सूचित गरिनेछ । सम्झौताका लागि निवेदन पेश गर्दा कबोल अंक बमोजिम हुन आउने कम्तिमा तीन महिनाको रकम अग्रिम रूपमा धरौटी राख्नुपर्नेछ।

**१३. सम्झौतामा समावेश गर्नुपर्ने आधारभूत विषयहरू :** यस परिच्छेद बमोजिम चिस्यान केन्द्र संचालनका लागि छनौट भएको प्रस्तावदातासँग गरिने सम्झौतामा अन्य विषयहरुका अतिरिक्त देहायका विषयहरू समावेश गर्नुपर्नेछ ।

क) सम्झौता रकम,

ख) सम्झौता वार्षिक (वार्षिक रूपमा नवीकरण हुने गरी) कम्तिमा ३ वर्ष र बढीमा ५ वर्ष हुने विषय,

ग) सम्झौता बमोजिम कार्य सम्पन्न नभएमा सम्झौता नवीकरण नहुने र धरौटी जफत गर्ने विषय,
घ) प्रत्येक २-२ वर्षमा सम्झौता रकम पुनरावलोकन गर्ने विषय,
ङ) सम्झौता बमोजिमको रकम मासिक रूपमा नगरपालिकाको राजश्व खातामा जम्मा गर्नुपर्ने विषय ।
च) चिस्यान केन्द्रको संञ्चालन खर्च (पानी, बिजुली, सामान्य मर्मत, जनशक्ति व्यवस्थापन, सुरक्षा प्रवन्ध आदि) संचालकले व्यहोर्नु पर्ने विषय,
छ) नगरभित्रका कृषकहरूलाई कृषि उत्पादन भण्डारणका लागि पहिलो प्राथमिकता दिनुपर्ने विषय,
ज) कृषकहरूले कृषि उत्पादन भण्डारण गरे बापत प्रति महिना प्रति केजी लिने शुल्क निर्देशक समितिले तोकेबमोजिम लिन सक्ने विषय,
झ) चिस्यान केन्द्र संचालनको लागि नगरपालिका वा मातहतका कार्यालयबाट कुनै आर्थिक सहायता वा कार्यक्रम उपलब्ध नहुने कुरा,
ञ) नगरपालिकाको अनुमतिमा चिस्यान केन्द्रको संरचना परिर्वतन गर्ने गरी कुनै भौतिक संरचना निर्माण भएमा संचालक स्वयंले सोको खर्च व्यवस्थापन गर्ने र सो संरचना सम्झौता समाप्त भएपछि नगरपालिकाको हुने विषय,
ट) समितिले आवश्यक्ता ठानेका अन्य विषय।

**१४. सम्झौता कार्यान्वयन :** सम्झौता पश्चात चिस्यान केन्द्र सञ्चालकले सम्झौतामा उल्लेखित शर्त तथा मापदण्डहरू पूरा गरी चिस्यान केन्द्र संचालन गर्नुपर्नेछ ।

## परिच्छेद ४
## विविध

**१५. प्रचलित कानुन बमोजिम हुने :** यस कार्यविधिमा व्यवस्था भएका विषय यसै कार्यविधि अनुरुप र उल्लेख नभएका विषयहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

**१६. कारबाहीको व्यवस्था :** चिस्यान केन्द्र सञ्चालनको जिम्मेवारी पाएको पक्षले कुनै किसिमको लापरबाही गरेको पाइएमा प्रचलित कानुन बमोजिम कारबाही हुनेछ ।

**१७. बाधा अड्काउ फुकाउ :** यस कार्यविधिको व्याख्यामा द्विविधा उत्पन्न भएमा निर्देशक समितिको सिफारिसमा शितगंगा नगरपालिकाको कार्यपालिकाले आवश्यक निर्णय लिई बाधा अड्काउ फुकाउन सक्नेछ ।

**१८. बचाउ :** यस कार्यविधि प्रारम्भ हुनु अगाडि भएका कार्यहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

**१९. संशोधन र खारेजी :** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्चन आई परेमा शितगंगा नगरपालिकाको कार्यपालिकाको बैठकबाट संशोधन गर्न सकिनेछ ।

**प्रमाणिकरण मिति २०८२/०९/१८**

**आज्ञाले**
**कृष्ण प्रसाद सापकोटा**
**प्रमुख प्रशासकिय अधिकृत**